# युवा परामर्श सेवा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

**(स्वीकृत मिति : २०७५।०६।०५)**
**(पहिलो संसोधन मितिः २०७६।०५।२६)**

**<u>प्रस्तावना</u>** : राष्ट्रिय युव ऐन २०७२, तथा राष्ट्रिय युवा नीति, २०७२ ले परिलक्षित गरे बमोजिम तथा युथ भिजन २०२५ मा उल्लेखित प्राथमिकताका क्षेत्रहरुको आधारमा युवा तथा खेलकुद मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यकम मध्ये युवाहरुको लागि ♥मनोपरामर्श सेवा सम्बन्धी कार्यकम सञ्चालन गरी युवाहरुलाई इमान्दार ,नैतिकतायुक्त, स्वस्थ्य, परिश्रमी, उद्यमशील, स्वरोजगारमूलक तथा नव प्रवर्तनात्मक कार्यहरु गरी राष्ट्रको विकास र समृद्धिमा ठोस योगदान गर्न सक्ने युवाका रुपमा रुपान्तरित गर्न♥सहयोग पुऱ्याउने उद्देश्यका साथ विभिन्न क्षेत्रका युवाहरुलाई नियमित रुपमा उनीहरुको आवश्यक्ताका आधारमा मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यकमलाई प्रभावकारी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले राष्ट्रिय युवा परिषद्ले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम “युवा परामर्श सेवा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन व्यवस्थापन कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि कार्यकारी परिषद्बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२.परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **“मन्त्रालय”** भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ख) **“युवा”** भन्नाले सोह्र देखि चालीस वर्ष उमेर समूहका व्यक्ति सम्झनु पर्छ ।

(ग) **“युवा परामर्श सेवा कार्यक्रम”** भन्नाले १६ देखि ४० वर्ष उमेर समूहका युवाहरुलाई विभिन्न विषयमा सम्बन्धित विज्ञहरु मार्फत दिइने परामर्श प्रदान गरी युवालाई अभिप्रेरित गर्ने एवं सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिने कार्यक्रमलाई सम्झनु पर्छ ।

(घ) **“परिषद्”** भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्छ ।

(ङ) **“रोस्टर भन्नाले”** परामर्श सेवा प्रदान गर्न छनौट भएका सम्बन्धित विषयका विज्ञहरुको सूची सम्झनु पर्दछ ।

(च) **“समिति”** भन्नाले यो कार्यविधिको दफा ६ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

♥ प्रथम संसोधनद्वारा थप गरिएको

(छ) **"कार्यकारी समिति"** भन्नाले राष्ट्रिय युवा परिषद् ऐनको दफा ८ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

**३. कार्यक्रमका लक्षित वर्ग :**

कार्यक्रमका लक्षित वर्ग निम्नानुसार रहने छन् :

क. युवा तथा विद्यार्थीहरु

ख. राजनैतिक दल सम्बद्ध युवाहरु

ग. गै. स. स. आवद्ध युवाहरु

घ. ग्रामीण तथा विपन्न वर्गका युवाहरु

ङ. अल्पसंख्यक तथा पछाडी परेका युवाहरु

च. ♣लागू पदार्थ दुर्व्यसनको जोखिममा रहेका युवाहरु

छ. ♣अपांगता भएका युवाहरु

ज. ♣युवा सञ्चारकर्मीहरु

झ. ♣बैदेशिक रोजगारीमा जाने क्रममा रहेका युवाहरु र फर्केका युवाहरु

ञ. अन्य विभिन्न क्षेत्रका युवाहरु

ट. ♣यौनिक अल्पसंख्यक युवाहरु

**४. युवा परामर्शका क्षेत्रहरु :**♣ युवा परामर्श सेवा कार्यक्रमका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् ।

(क) उद्यमशीलता, रोजगारी र सीप विकास

(ख) युवा नेतृत्व विकास, सहभागिता र परिचालन

(ग) युवा उत्प्रेरणा तथा नव प्रवर्तन र दिगो विकास

(घ) युवा नीति २०७२, युथ भिजन, २०२५ तथा राष्ट्रिय युवा परिषद्ले सञ्चालन गर्ने मुख्य मुख्य कार्यक्रमहरु

---

♣ प्रथम संसोधनद्धारा संसोधित

(ङ) लागू पदार्थ दूर्व्यसन, यसका असर र जोगिने उपायहरु

(च) वैदेशिक रोजगारी र रोजगारीमा जानुपूर्वका तयारी र सतर्कता

(छ) स्वयंसेवा र युवा

(ज) युवा तथा सूचना प्रविधि

(झ) दिगो विकासका लक्ष्यहरु र यसको कार्यान्वयनमा युवाको भूमिका

(ञ) सूचनाको हक तथा सुशासन

(ट) विपद् व्यवस्थापन

♥(ठ) युवा परिचालन वर्ष २०७६।०७७ का विषयवस्तुहरु

(ड) युवामैत्री र युवा मागमा आधारित अन्य विषयहरु

**५. छनौटको आधारहरु :** (१) युवा परामर्श सेवा कार्यक्रममा सहभागी हुने युवाको छनौट देहायका आधारमा गरिने छ :-

(क) सोह्र वर्ष पुरा भई चालीस वर्ष ननाघेको नेपाली युवा

(ख) निर्धारित ढाँचा बमोजिमको आवेदन फाराम भरी परिषद्मा आवेदन गरेको युवा

(ग) माथि उल्लेख गरिएका युवाहरु मध्ये युवाले परामर्श लिन चाहेको क्लष्टरमा न्यूनतम् २५ जनाको समूह नपुगे सम्म कार्यक्रम सञ्चालन गरिने छैन । तर सो भन्दा बढी संख्या भएमा १६ देखि २४ वर्षका युवाहरुलाई पहिलो प्राथमिकता दिइनेछ । यसरी प्राथमिकता दिंदा पिछडिएको क्षेत्र, अपांगता भएका युवाहरु, महिला तथा दलित युवाहरुलाइ प्राथमिकता दिइनेछ । साथै संख्या बढी भएमा क्रमश त्यसपछि सञ्चालन गरिने कार्यक्रममा समावेश गरिने छ ।

**६. ♣प्रशिक्षक छनौट समिति :** (१) यो कार्यक्रमका लागि आवश्यक प्रशिक्षकहरुको रोस्टर तयार गर्नका लागि देहायको प्रशिक्षक छनौट समिति रहनेछ :-

(क) प्रशासकीय प्रमुख राष्ट्रिय युवा परिषद - संयोजक

(ख) सम्बन्धित कार्यक्रमको समन्वय र सहजीकरण गर्न तोकिएका परिषदका सदस्य - सदस्य

♥ प्रथम संसोधनद्धारा थप गरिएको

♣ प्रथम संसोधनद्धारा संसोधित

(ग) शाखा प्रमुख, युवा परामर्श शाखा, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(घ) सम्बन्धित विषय विज्ञहरु मध्येबाट १ जना - सदस्य

(ङ) सम्बन्धित शाखाका शाखा प्रमुख - सदस्य सचिव

(२) समितिमा आवश्यक्तानुसार सम्बन्धित क्षेत्रका २ जनासम्म आमन्त्रित गर्न सकिनेछ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. खर्चको मापदण्ड**

(१) यो कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्दा स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही नेपाल सरकारको स्वीकृत नर्म्स बमोजिम गरिनेछ ।

**♥८. कार्यक्रम कार्यान्वयन ढाँचा**

(१) परामर्श सेवाको माग गर्दा युवाहरुले परिषद्को कार्यालयमा उपस्थित भई तथा अनलाईन मार्फत समेत निवेदन दिन सक्नेछन् ।

(२) प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य साझेदार संघ सस्थासँगको सामुहिक सहकार्य, समन्वय र साझेदारीमा समेत परामर्शको कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

♣**९. नाम प्रतिवेदनमा समावेश गरिने :** यो कार्यक्रममा सहभागी युवाहरुको नाम नामेशी सहितको विवरण प्रतिवेदनमा समावेश गरिनेछ ।

♣**१०. कार्यविधिमा संशोधन :** यो कार्यविधिको कार्यान्वयनको चरणमा आइपरेका बाधा अड्काउ फुकाउने तथा कार्यविधिको मुल भावनाको विपरीत नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार परिषद्का कार्यकारी उपाध्यक्षमा रहनेछ ।

---

♥ प्रथम संसोधनद्वारा थप गरिएको

♣ प्रथम संसोधनद्वारा संसोधित